## वस्तुगत प्रश्नोत्तर

१. **नेपाल टेलिकमले भ्वाइस ओभर लङ टर्म इभोलुसन (भीओएलटीई) सेवाको व्यावसायिक सुरुवात कहिलेदेखि गरेको हो ?**
✍ वि.सं. २०७८ माघ २२
- फोरजी/एलटीई नेटवर्कमा आधारित यो सेवामार्फत प्रयोगकर्ताले उच्च गुणस्तरको भ्वाइस सेवा प्रयोग गर्न पाउने । साथै भ्वाइस कलमार्फत नै भिडियो कलको सुविधा लिन सक्ने ।
- टेलिकमले गत जेठ ३ गते नै यसको परीक्षण सुरु गरेको थियो ।
- फोरजी सेवामार्फत भ्वाइस कल गर्दा आवाजको गुणस्तर एचडीस्तरको हुने, व्यक्ति–व्यक्तिबीच भेटेरै कुराकानी गरेजस्तो गुणस्तरीय भ्वाइस सेवा पाउन सकिने, कल सम्पर्क हुने दर छिटो हुने, आवाज स्पष्ट र प्राकृतिकजस्तो सुनिने टेलिकमले जनाएको ।
- टेलिकमका अनुसार भीओएलटीई सेवा लिन ८०० र १८ सय मेगाहर्ज ब्यान्डको फ्रिक्वेन्सी सपोर्ट गर्ने मोबाइल हुनुपर्ने ।

२. **सन् २०२२ जनवरीमा मेलबर्नमा सञ्चालित अस्ट्रेलियन ओपनतर्फ पुरुष एकलको उपाधि जित्ने टेनिस खेलाडी को हुन् ?**
✍ राफेल नाडाल (स्पेनिस टेनिस स्टार)
- मेलबर्नमा जनवरी ३० मा भएको फाइनल खेलमा सो उपाधि जित्दै ३५ वर्षीय नाडालले पुरुष खेलाडीको कीर्तिमान बनाएका ।
- खेलमा नाडालले दोस्रो बरीयताका रुसी खेलाडी डानियल मेडेभेदेभमाथि उत्कृष्ट जित निकालेका ।
- अस्ट्रेलियन ओपन च्याम्पियन बनेसँगै नाडालले २१औँ ग्रान्डस्लामको उपाधि जितेका । नाडाल सर्बियाका नोभाक जोकोभिच र स्विट्जरल्यान्डका रोजर फेडेररसँग बराबरी थिए । जोकोभिच र फेडेररले २० वटा ग्रान्ड स्लामको उपाधि जितेका ।

३. **वि.सं. २०७८ माघ १७ को मन्त्रिपरिषद् बैठकले खुला विश्वविद्यालयको उपकुलपतिमा कसलाई नियुक्त गर्ने निर्णय गरेको हो ?**
✍ शिलु मानन्धर
- मानन्धर खुला विश्वविद्यालयकै व्यवस्थापन सङ्कायका पूर्वडिन हुनुहुन्छ ।
- खुला विश्वविद्यालयका तत्कालीन उपकुलपति प्रा.डा. लेखनाथ शर्माको चारवर्षे कार्यकाल जेठ १८ गते सकिएको थियो ।

४. **नेपालमा उत्पादित अर्गेली सबैभन्दा बढी कुन देशमा निर्यात हुने गरेको छ ?**
✍ जापान
- अर्गेलीबाट उच्चस्तरको कागज बनाउन सकिने ।
- यसबाट बनाइएको मुद्रा बलियो र पानीमा भिजाउँदासमेत केही नहुने ।
- जापानी मुद्रा (येन) बनाउन जापानले यसको आयात गर्ने गरेको ।
- नेपालमा अर्गेली तीन श्रेणीमा उत्पादन हुने : 'ए' श्रेणीको प्रतिकिलोको ५५० रुपियाँ, 'बी' श्रेणीको दुई सय र 'सी' श्रेणीको एक सय रुपियाँ किलोसम्ममा बिक्री हुने गरेको । यसलाई वाफमा पकाएर विभिन्न श्रेणीमा प्रशोधन गर्ने गरिएको ।
- नेपालको दोलखा, रामेछाप, इलाम, पाँचथर र ताप्लेजुङमा यसको उत्पादन गर्ने गरिएको ।

५. **विश्वकै अग्लो स्थानमा छायाङ्कन गरेर गिनिज बुक अफ वर्ल्ड रेकर्डस् कायम गर्न सफल म्युजिक भिडियो कुन हो ?**
✍ सुन्दर हिमाल
- पत्रकारिता र कलाकारितामा संलग्न पाँच युवाले विश्वकै अग्लो स्थानमा 'सुन्दर नेपाल' बोलको गीतको म्युजिक भिडियो छायाङ्कन गरेर सो रेकर्ड कायम गरेका ।
- पाँच हजार २० मिटरको उचाइमा रहेको सोलुखुम्बुको खारे (मेरा पिक जाने बाटो)मा पुगेर सो म्युजिक भिडियो छायाङ्कन गरिएको ।
- गीतकार बुद्धिराज राई, गायक टेक नाछिरिङ र शिखरजङ्ग श्रेष्ठ, गायिका माया गुरुङ, मोडेल तथा डान्सर सिर्जना किराँतीले सो भिडियो छायाङ्कन गरेर कीर्तिमान राखेका ।
- यसअघि उच्च स्थानमा म्युजिक भिडियो छायाङ्कन गरेर गिनिज बुकमा 'हाइएस्ट अल्टिच्युड म्युजिक भिडियो अन ल्यान्ड' शीर्षकमा नेपाली युवा सञ्चबहादुर राई, पुष्कर नेपाल, पावल राई, लक्ष्मण कार्की र राजन खरेलले ४८१४ मिटर उचाइमा रहेको गोक्यो ताल आसपासमा छायाङ्कन गरी कायम कीर्तिमान 'सुन्दर हिमाल' ले तोडेको ।

६. **नेपालमा शहीद दिवस कहिले मनाइन्छ ?**
✍ माघ १६
- प्रजातन्त्र स्थापना एवं पुनर्स्थापना तथा विभिन्न कालखण्डका स्वतन्त्रताका लागि जीवन आहुति दिने शहीदको सम्झनामा विविध कार्यक्रम गरी हरेक वर्ष माघ १६ का दिन शहीद दिवस मनाउने गरिएको ।
- त्यस्तै माघ १० देखि १६ गतेसम्म विभिन्न कार्यक्रमका साथ शहीद सप्ताह मनाइँदै आएको ।

७. **विन्टर ओलम्पिक–२०२२ को आयोजक राष्ट्र कुन हो ?**
✍ चीन (बेइजिङ)
- मिति : २०२२ फेब्रुअरी ४–२०
- खेलाडी : २८७१
- पुरुष : १५८१
- महिला : १२९०
- सहभागी राष्ट्र : ९१
- संलग्न खेल सङ्ख्या : ७ (इभेन्ट्स : १०९)
- अमेरिका, बेलायत, अस्ट्रेलिया र क्यानाडाले बेइजिङ ओलम्पिकमा आफ्ना खेलाडी पठाए पनि कूटनीतिक बहिष्कार गरेका ।
- कूटनीतिक बहिष्कार घोषणा नगरे पनि जापानले यो ओलम्पिकमा कुनै पनि उच्च अधिकारी नपठाएको ।
- शीत र ग्रीष्मकालीन ओलम्पिक खेलकुद आयोजना गर्ने बेइजिङ एक्लो सहर बन्न पुगेको ।
- Motto : Together for a shared future

८. **बाघ संरक्षणमा उत्कृष्ट कार्य गरेबापत अन्तर्राष्ट्रिय संरक्षण पुरस्कार प्राप्त गर्ने नेपालको राष्ट्रिय निकुञ्ज कुन हो ?**
✍ बर्दिया राष्ट्रिय निकुञ्ज
- विश्वमै दुर्लभ मानिएको पाटेबाघको संरक्षण गर्दै बाघको सङ्ख्या दोब्बर वृद्धि गरेको भन्दै सो निकुञ्ज पुरस्कृत भएको ।
- सो पुरस्कार सन् २०२२ को सेप्टेम्बरमा रुसमा आयोजित दोस्रो बाघ सम्मेलनका अवसरमा प्रदान गरिने ।
- संयुक्त राष्ट्रसङ्घीय विकास कार्यक्रम, विश्व वन्यजन्तु संरक्षण कोषलगायतका विश्वभर संरक्षणका क्षेत्रमा काम गर्ने नौवटा अन्तर्राष्ट्रिय संस्थाको समूहले बर्दिया राष्ट्रिय निकुञ्जलाई सो पुरस्कार प्रदान गरेको ।
- सन् २००९ मा बर्दियामा बाघको सङ्ख्या १८ थियो भने सन् २०१८ को बाघको गणनामा ८७ वटा बाघ रेकर्ड गरिएका थिए ।
- सन् २०१० मा रुसको सेन्ट पिटस्वर्गमा बाघ पाइने देशको पहिलो बाघ सम्मेलनमा नेपालले प्रतिबद्धता गरेअनुसार बाघको सङ्ख्या सन् २०२२ सम्म दोब्बर हुने स्थिति देखिएको ।
- सन् २००९ मा नेपालमा बाघको सङ्ख्या १२१ रहेको थियो ।
- सन् २०१८ को बाघ गणनाअनुसार चितवन राष्ट्रिय निकुञ्जमा ९३, बर्दियामा ८७, बाँकेमा २१, पर्सामा १८ र शुक्लाफाँटा रा.नि.मा १६ गरी कुल २३५ वटा पाटेबाघ रेकर्ड गरिएका ।

९. **२०७८ सालको भैरव पुरस्कार कसलाई प्रदान गरियो ?**
✍ व्यङ्ग्यकार नरनाथ लुइँटेल
- यसै वर्षबाट घोषणा गरिएको भैरव वाङ्मय पुरस्कार संस्कृतिविद् तेजेश्वरबाबु ग्वङ्गलाई प्रदान गरिएको ।
- दुवै पुरस्कारको राशि एक लाख एक हजार १११ रुपियाँ रहेको ।
- भैरव पुरस्कार गुठीले ५५ हजार ५५५ रुपियाँ राशिको भैरव प्रतिभा पुरस्कार साहित्यकार विमल भौकाजीलाई प्रदान गरेको ।

१०. **बेइजिङ शीतकालीन ओलम्पिकको पहिलो स्वर्ण पदक जित्ने खेलाडी को हुन् ?**
✍ थेरिज जोहाग (नर्वे)
- (उनले महिला १५ किलोमिटर स्कियाथलनमा सो उपाधि हात पारेकी ।)

११. **अरुण तेस्रो जलविद्युत् आयोजनाको उत्पादन क्षमता कति रहेको छ ?**
✍ ९०० मे.वा.
- सङ्खुवासभा जिल्लामा निर्माण गर्न थालिएको यस जलविद्युत् आयोजनाको शिलान्यास वि.सं. २०७५ वैशाख २८ गते तत्कालीन प्र.म. केपी शर्मा ओली र भारतीय समकक्षी नरेन्द्र मोदीद्वारा स्विचमार्फत काठमाडौँबाट भएको ।
- २०८० सालभित्र सम्पन्न गर्ने लक्ष्य रहेको यो आयोजनाको हाल (२०७८ पौष)सम्म ५४ प्रतिशत कार्य सम्पन्न भएको ।
- यस परियोजनाको एक खर्ब चार अर्ब रुपियाँ लागत अनुमान गरिएको ।

१२. **पेगासस भन्नाले के बुझिन्छ ?**
✍ जासुसी सफ्टवेयर प्रोग्राम
- यसको प्रयोगबाट कुनै पनि व्यक्तिको गोप्य कुरा थाहा पाउन सकिने ।
- पेगाससलाई कुनै स्मार्टफोनमा सेट गरिदियो भने ह्याकरले उक्त स्मार्टफोनको माइक्रोफोन, क्यामरा, अडियो, टेक्स्ट म्यासेज, इमेलका साथै लोकेसनसमेतको जानकारी लिन सक्ने ।
- सन् २०२२ जनवरी २८ मा अमेरिकी अखवार न्युयोर्क टाइम्सले भारतले इजरायली स्पाइवेयर पेगासस खरिद गरको एक रिपोर्ट प्रकाशित गरेपश्चात् त्यहाँको राजनीतिमा तरङ्ग पैदा हुन पुगेको ।
- सन् २०२१ मा पेगासस जासुसी सफ्टवेयरको माध्यमबाट कैयौँ देशका नेता, पत्रकार तथा सामाजिक अभियन्ताको कल रेकर्ड गरेको विषय सार्वजनिक भएको थियो ।

१३. **नेपालमा हाल आर्थिक हिसाबले पालिने मौरी कति प्रकारका छन् ?**
✍ २ (एपी सेरेना र मेला फेरा)



१४. **अन्तर्राष्ट्रिय क्रिकेटमा दुई पटक ह्याट्रिक विकेट लिने पहिलो नेपाली महिला खेलाडी को हुन् ?**
✍ रुविना क्षेत्री

१५. **नेपाल सरकारद्वारा कहिलेसम्ममा निकृष्ट बालश्रम अन्त्य गर्ने घोषणा भएको छ ?**
✍ वि.सं. २०७९
- (त्यस्तै वि.सं. २०८२ सम्ममा सबै प्रकारका बालश्रम अन्त्य गर्ने घोषणा भएको ।)

१६. **नेपालको कुन ठाउँमा अटोभिलेज निर्माण गरिएको छ ?**
✍ बुटवल

१७. **बागवानीका एन्टिभाइरस भनी कसलाई चिनिन्छ ?**
✍ बागवानीविज्ञ मुकुन्द रञ्जित

१८. **वि.सं. २०७८ माघमा सञ्चालित २०औँ संस्करणको आहा रारा गोल्ड कप फुटबल प्रतियोगिताको उपाधि कसले जित्यो ?**
✍ एपीएफ क्लब
- सहारा क्लब पोखराको आयोजना र हिमश्री फुड्स प्रा.लि.को मुख्य प्रायोजनमा सम्पन्न प्रतियोगिताको फाइनल खेलमा मनाङ–मर्स्याङ्दी क्लबलाई ट्राइब्रेकरमा ५–४ गोल अन्तरले पराजित गर्दै एपीएफले उपाधि हात पारेको ।
- एपीएफ पहिलो पटक उपाधि उचाल्दै इतिहास रच्न सफल भएको । २०६४ सालमा फाइनल पुगेर पनि नेपाल पुलिस क्लबसँग पराजित हुँदै उपाधि विमुख भएको एपीएफले १४ वर्षपछि उपाधि हात पार्न सफल भएको ।
- एपीएफले उपाधिसँगै १० लाख एक हजार र मनाङले उपविजेता बन्दै पाँच लाख एक हजार नगदसहित सिल्ड, मेडल र प्रमाणपत्र प्राप्त गरेको ।
- यस संस्करणमा एक विदेशीसहित १० टिमको सहभागिता रहको ।
- प्रतियोगितामा सर्वोत्कृष्ट खेलाडी एपीएफका राजन गुरुङ एवं उत्कृष्ट गोलरक्षक एपीएफकै युया कुरियामा घोषित भएका ।

१९. **सामुदायिक बीउ बैङ्कको स्थापना कहाँ गरिएको छ ?**
✍ माछापुच्छ्रे गा.पा. (कास्की)

२०. **युनेस्कोद्वारा वर्ल्ड क्यापिटल अफ आर्किटेक्चर–२०२० घोषणा गरिएको स्थान कुन हो ?**
✍ रियो द जेनिरियो (ब्राजिल)

२१. **नेपालमा आयुर्वेदिक औषधि उत्पादन गर्ने एक मात्र सरकारी निकाय कुन हो ?**
✍ सिंहदरबार वैद्यखाना
- राजा प्रताप मल्लका पालामा यो निकाय वैद्यखानाका रूपमा स्थापना भएको ।
- शाहकालमा हनुमानढोका दरबारमा रहेको वैद्यखाना जङ्गबहादुर राणाको पालामा थापाथलीमा सारिएको थियो ।
- सोपश्चात् चन्द्रशमशेर प्रधानमन्त्री भएपछि सिंहदरबारमा वैद्यखाना सारेर सिंहदरबार वैद्यखाना नामकरण गरिएको ।
- वि.सं. २०५१ बाट सिंहदरबार वैद्यखाना विकास समितिमार्फत सिंहदरबार वैद्यखाना सञ्चालन हुँदै आएको ।
- कुनै समय १८५ प्रकारका औषधि उत्पादन भइरहेको वैद्यखानामा हाल ३५ प्रकारका औषधि मात्र उत्पादन भइरहेको ।

२२. **नेपालमा मन्ट्रियल सन्धि–१९९९ कहिलेदेखि लागू भएको हो ?**
✍ वि.सं. २०७५ मङ्सिर २९

२३. **विश्वको पहिलो महिला अन्तरिक्ष पर्यटक को हुन् ?**
✍ अनुसेह अन्सारी

२४. **युरोपेली सङ्घको सर्वोच्च अङ्ग कुन हो ?**
✍ युरोपेली परिषद्

**प्रस्तुतकर्ता : टङ्क केसी**

## विषयगत प्रश्नोत्तर

# सङ्घीय प्रणालीमा शक्ति पृथकीकरण

१. **नेपालमा बैङ्क तथा वित्तीय संस्थाको विद्यमान अवस्थाबारे जानकारी दिँदै यसको विकासमा नियामक निकायको भूमिकाबारे चर्चा गर्नुहोस् ।**
✍ सर्वसाधारण नागरिकबाट निक्षेप सङ्कलन गरी कर्जा प्रवाह गरेर बचतकर्ता तथा लगानीकर्ताबीच मध्यस्थकर्ताको कार्य गर्ने संस्था बैङ्क तथा वित्तीय संस्था हुन् । यस्ता संस्थाले मुद्रा तथा साखको कारोबार गर्ने, सुरक्षित भुक्तानी प्रणाली लागू गर्ने, मौद्रिक नीति कार्यान्वयन गर्नेलगायतका कार्य गरी आर्थिक विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्छन् । यस्ता बैङ्क तथा वित्तीय संस्था नेपालको वित्तीय प्रणालीको एक अभिन्न अङ्ग हुन् । यसअन्तर्गत 'क' वर्गको वाणिज्य बैङ्क, 'ख' वर्गको विकास बैङ्क, 'ग' वर्गको वित्तीय कम्पनी र 'घ' वर्गको लघुवित्त संस्था पर्छन् । यी निकायको दर्ता, अनुगमन, सुपरिवेक्षण, नियमन, सहजीकरण एवं प्रवर्द्धन नेपाल राष्ट्र बैङ्क ऐन, २०५८, बैङ्क तथा वित्तीय संस्थासम्बन्धी ऐन, २०७३ बमोजिम केन्द्रिय बैङ्कका रूपमा नेपाल राष्ट्र बैङ्कले गर्दै आएको छ । पछिल्लो आर्थिक सर्वेक्षणअनुसार नेपालमा २७ वाणिज्य बैङ्क, १९ विकास बैङ्क, एक पूर्वाधार विकास बैङ्क, २० वित्त कम्पनी, ७६ लघुवित्त संस्था गरी जम्मा १४३ बैङ्क तथा वित्तीय संस्था छन् ।

- **नेपाल राष्ट्र बैङ्कको भूमिका**

- नेपाल राष्ट्र बैङ्क नेपालका बैङ्क तथा वित्तीय संस्थाको नियामक निकाय हो । यसले मौद्रिक नीतिमार्फत मुलुकको वित्तीय प्रणालीको विकास र स्थायित्व कायम गर्न ठूलो भूमिका निर्वाह गर्छ । यसले ब्याजदर, विनिमय दर, मुद्रास्फीति दरमा स्थिरता ल्याउने, लचिलो र कसिलो मौद्रिक नीतिमार्फत बजारमा मुद्रा प्रदायमा सन्तुलन ल्याउने गर्छ । मुलुकमा रहेका बैङ्क तथा वित्तीय संस्थाको विकासमा यसको भूमिका निम्नानुसार हुने गर्छ :
- बैङ्क तथा वित्तीय संस्थाहरू एकआपसमा गाभिने नीतिलाई सरल र पारदर्शी बनाई वित्तीय संस्थाको वित्तीय आधार बलियो बनाउने, सुदृढीकरण गर्ने,
- ब्याजदर निर्धारणलाई पारदर्शी बनाउने,
- मुद्रास्फीति दरभन्दा केही बढी ब्याजदर कायम गर्न सहयोग गरी मुद्रास्फीति नियन्त्रण गर्ने,
- कर्जा प्रवाह र असुली कार्यको निगरानी गर्ने,
- कर्जा प्रवाह विधि र प्रक्रियालाई सरल र पारदर्शी बनाउने,
- सेयर बजारमा लगानीका लागि अनुकूल वातावरण तयार गर्ने,
- सेयर बजारमा कर्जा प्रवाह बढाउने,
- बैङ्क तथा वित्तीय संस्थामार्फत वित्तीय साक्षरता अभियान सञ्चालन गर्ने,
- स्थानीय तहका वडा तहसम्म बैङ्क तथा वित्तीय संस्थाको शाखा विस्तार गरी वित्तीय पहुँच अभिवृद्धि गर्ने,
- पुँजी बजारमा लगानीको वातावरण निर्माणमा सहयोग गर्ने,
- अप्रत्यक्ष मौद्रिक उपकरण प्रयोग गरी मौद्रिक स्थिरता कायम गर्ने,
- मरिच, छोकडा, केराउ, सुपारीजस्ता वस्तुमा कर्जा प्रवाह कार्य रोकी आयातमा भन्दा उत्पादन क्षेत्रमा कर्जा प्रवाहमा सरलता ल्याउने,
- कृषि, उद्योग, ऊर्जा, पर्यटनलगायतका क्षेत्रमा कर्जा प्रवाह विस्तार गर्ने,
- स्वदेशमा उत्पादन हुन सक्ने तर हाल विदेशबाट आयात भएका वस्तुको उत्पादनमा साधन परिचालन हुने वातावरण तयार गरी आयात प्रतिस्थापनमा जोड दिने,
- जोखिम सूचक तयार गरी जोखिमका आधारमा बैङ्क तथा वित्तीय संस्थाको नियमन र अनुगमन गर्ने,
- 'घ' वर्गको लघुवित्त संस्थाको नियमनका लागि छुट्टै संरचना तयार गर्ने ।

२. **नेपालमा जनसङ्ख्या वृद्धिदर घट्नुका कारण के के हुन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालमा बाह्रौँ राष्ट्रिय जनगणना–२०७८ को प्रारम्भिक नतिजाले नेपालको जनसङ्ख्या वृद्धिदर ०.९३ प्रतिशत पुगेको देखाएको छ । यो विगत ८० वर्षयताकै न्यून हो । नेपालमा यसरी जनसङ्ख्या वृद्धिदर घट्नुका केही कारण छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- बीस वर्ष पुगेपछि मात्र विवाह गर्ने कानुनी व्यवस्था कडाइपूर्वक लागू हुनु,
- वैदेशिक रोजगारीका लागि जाने महिला र पुरुषको सङ्ख्या अत्यधिक हुनु,
- बालविवाह, बहुविवाह, बेमेल विवाहको चलन न्यून हुँदै जानु,
- विवाहित दम्पतीमा दुई सन्तानभन्दा बढीको इच्छा कम हुँदै जानु,
- छोरा र छोरीबीचको विभेद क्रमशः कम हुँदै जानु,
- सुरक्षित गर्भपतन र गर्भनिरोधको उपाय व्यापक विस्तार हुँदै जानु,
- परिवार नियोजनका स्थायी बन्ध्याकरण तथा अस्थायी साधनको प्रयोग बढ्दै जानु ।

३. **नेपाल प्रहरीले अनुसन्धान गर्ने कसुरहरू के के हुन् ? लेख्नुहोस् ।**
✍ नेपाल प्रहरी र प्रदेश प्रहरी (कार्य सञ्चालन, सुपरिवेक्षण र समन्वय) ऐन, २०७६ बमोजिम नेपाल प्रहरीले अनुसन्धान गर्ने कसुरलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- राज्यविरुद्धको कसुर,
- नागरिकता तथा राहदानीसम्बन्धी कसुर,
- सङ्गठित अपराधसम्बन्धी कसुर,
- आतङ्कवादसम्बन्धी कसुर,
- मानव बेचबिखन तथा ओसारपसारसम्बन्धी कसुर,
- साइबर अपराधसम्बन्धी कसुर,
- एकभन्दा बढी प्रदेशको क्षेत्राधिकार जोडिने गरी भएको कसुर,
- सीमापार अपराध तथा नेपालबाहिर भएको वा नेपाल बाहिरसमेत अनुसन्धान गर्नुपर्ने कुनै कसुर,
- सङ्घीय कानुनबमोजिम नेपाल प्रहरीले अनुसन्धान गर्नुपर्ने कसुर ।

४. **नेपालको सङ्घीय प्रणालीमा शक्ति पृथकीकरणको सिद्धान्तलाई कसरी अवलम्बन गरिएको छ ? उल्लेख गर्नुहोस् ।**
✍ राज्यको कानुन बनाउने सर्वोच्च निकाय व्यवस्थापिका हो र राज्यको कानुन कार्यान्वियन गराउने मन्त्रीहरूसहितको मन्त्रिपरिषद् कार्यपालिका हो । त्यसैगरी संविधान र कानुनको व्याख्या गर्ने आधिकारिक निकाय न्यायपालिका हो । राज्यका यी तीन अङ्गले गर्ने कार्यहरू पृथक् पृथक् छन् र आफ्नो कार्यक्षेत्रका विषयमा यी स्वतन्त्र एवं स्वायत्त छन् । यो सबै शक्ति एवं अधिकार एउटै व्यक्ति तथा एकाइमा दिँदा शासक जतिसुकै लोकतान्त्रिक भए पनि निरङ्कुशताको सिर्जना हुन्छ, स्वेच्छाचारिता बढ्छ, नागरिकको स्वतन्त्रता समाप्त हुन्छ, त्यसकारण राज्य शक्तिलाई विभिन्न एकाइमा विभाजन गर्नुपर्छ भन्ने मान्यता राख्ने सिद्धान्त शक्ति पृथकीकरण हो । यो सरकारका तीन अङ्गको कार्यविभाजन हो । शासनमा स्वेच्छाचारिता अन्त्य गर्दै नागरिकका हक अधिकारको रक्षा गर्नु यसको उद्देश्य हो । नेपालमा सङ्घीय प्रणाली लागू भएकाले मुलुकमा सङ्घ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार छन्, सोहीअनुरूप नेपालको संविधानमा कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाबीच शक्ति पृथकीकरणको व्यवस्था छ । जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :

- **कार्यपालिका**

- नेपालको कार्यकारिणी अधिकार मन्त्रिपरिषद्मा निहित रहने, धारा ७५ (१)
- प्रधानमन्त्री नियुक्त भएको पहिलो दुई वर्षसम्म अविश्वासको प्रस्ताव पेस गर्न नसकिने, धारा १०० (४)
- प्रदेशको कार्यकारी अधिकार प्रदेश मन्त्रिपरिषद्मा रहने,
- स्थानीय तहको कार्यकारी अधिकार गाउँ/नगर कार्यपालिकामा रहने ।

- **व्यवस्थापिका**

- सङ्घीय संसद्को कुनै पनि सदनमा विधेयक प्रस्तुत गर्न सकिने, धारा ११०, विधेयक पारित गर्ने, धारा १११, विधेयक फिर्ता लिने, धारा ११२ जस्ता विषय व्यवस्थापिका संसद्को अधिकार,
- सङ्घीय संसद्को बैठकमा पूर्ण वाक् स्वतन्त्रता, विचार राखेको आधारमा संसद सदस्यलाई पक्राउ नगरिने, थुनामा नराखिने, मुद्दा नचलाइने व्यवस्था, सदनको अवहेलनामा सजायको व्यवस्था, (सचेत, नसिहत, तीन महिना कैद वा दस हजार जरिवाना) धारा १०३
- सङ्घीय संसदको बैठकमा अनधिकार उपस्थित भएमा जरिवाना व्यवस्था (प्रत्येक पटकका लागि पाँच हजार जरिवाना) धारा १०२
- प्रदेश सभा र गाउँ/नगर सभाले आफ्नो कार्यक्षेत्रभित्रका विषयमा कानुन बनाउने अधिकार ।

- **न्यायपालिका**

- कानुनबमोजिम आफ्नो अधिकार क्षेत्रभित्रका विवाद निरुपण गर्न गाउँपालिका वा नगरपालिकाले प्रत्येक गाउँपालिकामा उपाध्यक्षको संयोजकत्वमा र प्रत्येक नगरपालिकामा उपप्रमुखको संयोजकत्वमा तीन सदस्यीय एक न्यायिक समिति रहने संवैधानिक व्यवस्था भए पनि नेपालको संविधानले नेपालमा सर्वोच्च अदालत, उच्च अदालत र जिल्ला अदालतको व्यवस्था गरी न्यायसम्बन्धी अधिकार अदालतबाट मात्र प्रयोग हुने व्यवस्था गरेकाले नेपालको न्यायपालिका एकीकृत छ ।
- संविधान र कानुनको व्याख्या गर्ने अन्तिम अधिकार सर्वोच्च अदालतमा हुने, सर्वोच्च अदालतले गरेको कानुनको व्याख्या, कानुनी सिद्धान्त, आदेश एवं फैसला सबैले पालना गर्नुपर्ने, अवज्ञा गरेमा अवहेलनामा सजाय हुने व्यवस्था छ ।
- अदालतमा विचाराधीन मुद्दामा सङ्घीय संसद्को कुनै सदनमा छलफल नगरिने, बहसमा बन्देज हुने धारा १०५ को व्यवस्था छ ।

५. **विवेकपूर्ण निर्णय गर्दा ध्यान पुऱ्याउनुपर्ने विषय के के हुन् ? लेख्नुहोस् ।**
✍ कुनै समस्या समाधानका लागि उपलब्ध विकल्पमध्येबाट उचित विकल्पको चयन गर्ने कार्य निर्णय हो । यो कुनै काम गर्नका लागि गरिने सोचविचार र क्रियाबीचको पुल हो । यो सङ्गठनको नियमित र निरन्तर गरिने कार्य हो । विवेकपूर्ण निर्णयले खासगरी पर्याप्त सूचनाको सङ्कलन र विश्लेषण, विकल्पको विकास, विकल्पले पार्ने प्रभाव एवं परिणाम, निर्णय कार्यान्वयन गर्ने संयन्त्रलगायतका विविध पक्षको व्यापक अध्ययन विश्लेषण गरेर निर्णय गर्नमा जोड दिन्छ । त्यसकारण विवेकपूर्ण निर्णय गर्दा यी र यस्तै विषयमा ध्यान दिनुपर्छ, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- ऐन नियम कानुनको पूर्ण पालना गर्ने, कानुनी प्रावधानबमोजिम निर्णय गर्ने,
- सरल र पारदर्शी निर्णय प्रक्रियाको अवलम्बन गर्ने,
- व्यवस्थापन सूचना प्रणालीको पूर्ण प्रयोग गरेर निर्णय गर्ने,
- तोकिएको समयमै निर्णय गर्ने,
- जोखिम लिन नचाहने प्रवृत्तिमा व्यापक सुधार गर्ने,
- सङ्गठनको हितका लागि आवश्यक जोखिम लिने,
- तथ्य, तथ्याङ्क एवं सूचनामा आधारित निर्णय प्रक्रियाको अवलम्बन गर्ने,
- आधुनिक सूचना प्रविधिको पूर्ण प्रयोग गर्ने,
- वस्तुस्थितिको यथार्थ विश्लेषण गर्ने,
- आग्रह पूर्वाग्रहबाट मुक्त हुने,
- परिणाम र प्रभावको आकलन गर्ने,
- समस्या एवं चुनौतीको समयमै सम्बोधन गर्ने,
- उपलब्ध अवसरको सदुपयोग गर्ने ।

६. **नेपालमा विपत् व्यवस्थापन कार्यमा के कस्ता समस्या छन् ? उल्लेख गर्नुहोस् ।**
✍ नेपालको कमजोर भूधरातलीय बनोट, भौगर्भिक रूपमा गतिशील पर्वतीय शृङ्खलाजस्ता कारणले प्राकृतिक एवं गैरप्राकृतिक विपत्का घटना बारम्बार भएको पाइन्छ । नेपालको संविधानले विपत् व्यवस्थापनलाई सङ्घ, प्रदेश र स्थानीय तहको साझा अधिकारको सूचीमा र स्थानीय तहको एकल अधिकारको सूचीमा राखेको छ । प्राकृतिक तथा गैरप्राकृतिक विपत् पूर्वतयारी उद्धार, राहत र पुनर्लाभ कार्यलाई सङ्घ र प्रदेशको साझा अधिकारको सूचीमा लिपिबद्ध गरी तीनै तहको सरकारको भूमिका प्रस्ट गरिएको छ । विपत् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ र विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ जारी गरिएको छ । प्रधानमन्त्रीको अध्यक्षतामा विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद्को गठन, यसलाई सहयोग गर्न गृहमन्त्रीको अध्यक्षतामा कार्यकारी समितिको गठन गरिएको छ । गृह मन्त्रालयअन्तर्गत रहने गरी राष्ट्रिय विपत् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण स्थापना गरी कार्यकारी प्रमुखको व्यवस्था गरिएको छ । प्रदेशमा मुख्य मन्त्रीको अध्यक्षतामा प्रदेश विपत् व्यवस्थापन समितिको गठन, जिल्लामा प्रमुख जिल्ला अधिकारीको अध्यक्षतामा जिल्ला विपत् व्यवस्थापन समितिको गठन र पालिकाको प्रमुखको अध्यक्षतामा स्थानीय विपत् व्यवस्थापन समितिको गठन गरिएको छ । कानुनी र संस्थागत रूपमा गरिएको व्यवस्थाका अतिरिक्त पनि नेपालमा विपत् व्यवस्थापन कार्यमा विभिन्न समस्या छन्, जसलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ :
- विपत् व्यवस्थापनका लागि पूर्वसूचना संयन्त्र सुदृढ हुन नसक्नु,
- विपत्पूर्व गर्नुपर्ने पूर्वतयारीका कार्य व्यवस्थित हुन नसक्नु,
- समन्वयात्मक पहल हुन नसक्दा छरिएका निकायको भूमिका स्पष्ट हुन नसक्नु,
- खोज उद्धारको कार्यमा आवश्यक सीपयुक्त जनशक्ति, स्रोतसाधन एवं उपकरणको अभाव हुनु,
- जोखिमका आधारमा साधन स्रोत परिचालन गर्न नसक्नु,
- राहत वितरण कार्यमा एकद्वार प्रणाली लागू हुन नसक्दा राहत वितरण कार्य व्यवस्थित एवं न्यायोचित हुन नसक्नु,
- अस्थायी आश्रम स्थलको पूर्वपहिचान एवं व्यवस्थापन हुन नसक्दा बालबालिका एवं वृद्धहरूले बढी दुःख पाउनु,
- दीर्घकालीन योजनाको अभावमा पुनर्स्थापनालगायतका कार्यक्रम प्रभावकारी हुन नसकेको,
- केन्द्रदेखि स्थानीय तहसम्म संस्थागत संरचना खडा गरिए पनि विपत् व्यवस्थापनमा जिल्ला समन्वय समितिको भूमिका एवं जिम्मेवारी प्रस्ट गर्न नसकिएको,
- छरिएर रहेको एवं अव्यवस्थित जोखिमयुक्त बस्तीलाई सुरक्षित बसोबास मिलाउन नसक्दा क्षति बढ्दै गएको,
- सङ्घ, प्रदेश, स्थानीय तह र समुदायस्तरमा बहुप्रकोप जोखिम आकलन एवं नक्साङ्कन हुन नसकेको,
- प्राकृतिक स्रोतहरूको अत्यधिक दोहन रोक्न नसकिएको,
- आपत्कालीन अवस्थामा दक्ष जनशक्ति, आवश्यक उपकरण, बन्दोवस्तीका सामान, राहत सामग्रीको अभाव हुने गरेको,
- विकास आयोजना एवं कार्यक्रमका प्रत्येक चरणमा विपत् जोखिम मूल्याङ्कनलाई समावेश गर्ने नगरिएको,
- विपत् व्यवस्थापन कार्यमा सरोकारवालाबीच पर्याप्त कार्यगत समन्वय एवं सहकार्यको अभाव देखिएको, निजी क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग एवं भूमिकालाई व्यवस्थित नगरिएको,
- विपत् व्यवस्थापन कार्यको व्यापक जनचेतना अभिवृद्धि हुन नसकेको ।

**प्रस्तुतकर्ता : हेमचन्द्र शर्मा**

QUESTION BANK NEPAL